# भुटानमा १० वर्षमा १० हजार मेगावाट

**कान्तिपुर संवाददाता**

काठमाडौं– नेपालका राजनीतिक दलहरूले हजारौं मेगावाट बिजुली उत्पादन गर्ने भाषण मात्रै गरिरहेका बेला छिमेकी भुटानले १० वर्षमा १० हजार मेगावाट उत्पादन गर्ने पक्कापक्की भएको छ । यसमध्ये करिब ३ हजार मेगावाट क्षमताका आयोजनाको निर्माण सुरु भइसकेको छ भने बाँकी ७ हजार मेगावाट निर्माण सुरु गर्ने तयारीमा छन् ।

'१० वर्षमा १० हजार मेगावाट उत्पादन गर्दै छौं,' भुटानको एक मात्र विद्युत् उत्पादक संस्था ड्रुक ग्रिनको प्रबन्ध निर्देशक छेवाङ रिन्जिनले भने । रिन्जिन राजधानीमा आइतबार सम्पन्न दक्षिण एसियाली आर्थिक सम्मेलनमा भाग लिन नेपाल आएका हुन् ।

पछिल्लो समयमा दक्षिण एसियामा उल्लेख्य आर्थिक प्रगति गरेको भुटानको अर्थतन्त्रमा जलविद्युत्को मात्रै ४५ प्रतिशत हिस्सा रहेको रिन्जिनले बताए । 'सरकारलाई ३० प्रतिशत कर तिर्नुका साथै झन्डै ९० प्रतिशत लाभांश पनि दिन्छौं,' उनले भने, 'पछिल्लो समयमा अर्थतन्त्रमा जलविद्युत्को योगदान ४५ प्रतिशत पुगेको छ ।'

भुटानको अहिले बन्न लागेका आयोजनामा भारतीय लगानी छ । यससँगै भारत त्यहाँको बिजुलीको बजार पनि हो । भुटानले प्रतियुनिट २ भारतीय रुपैयाँमा बिक्री गरिरहेको छ । स्वदेशी उपभोक्ताका लागि भने यो दर प्रतियुनिट ३ नेपाली रुपैयाँसरह छ । भारतसँग व्यापार नाफा भएको एक मात्र दक्षिण एसियाली मुलुक पनि भुटान नै हो ।

जलविद्युत् आयोजना निर्बाध सम्पन्न हुन नीतिगत स्थायित्व मुख्य सर्त रहेको रिन्जेनको धारणा छ । 'यो लामो अवधिको लगानी हो,' उनले भने, 'त्यसैले नीतिगत स्थायित्वसँगै सस्तो लगानीको पनि आवश्यकता पर्छ ।'

बिजुलीको उपलब्धता हुने बित्तिकै करिब १० वटा खानीजन्य उद्योग स्थापना भएको रिन्जेनले बताए । 'बिजुली भएपछि उद्योग पनि फस्टाउँदो रहेछ ।'

सम्मेलनका क्रममा दक्षिण एसियामा बिजुली प्रवाह गर्न क्षेत्रीय ग्रिडको अवधारणासमेत आएको छ । 'भुटान र नेपालमा भएको विद्युत्को सम्भावना पहिल्याई क्षेत्रीय ग्रिड नै बनाउन सकिन्छ,' पूर्व अर्थमन्त्री रामशरण महतले भने ।

यसबाहेक यस क्षेत्रमा यातायात सञ्जाल विस्तारको पनि सम्भावना खोजिएको थियो । 'यी मुद्दाहरूलाई सार्कको अहिलेको अध्यक्ष मालदिम्ससम्म पुर्‍याउनुपर्छ,' साउतीका अध्यक्ष पोषराज पाण्डेले भने । सम्मेलनले यस क्षेत्रका अतिकम विकसित मुलुकको व्यापार विस्तार र क्षेत्रीय सम्झौता कार्यान्वयनमा पनि जोड दिएको छ ।

यसैगरी साफटामा भएका संवेदनशील वस्तुको सूची हटाउने, खाद्य बैंक स्थापनाजस्ता महत्वपूर्ण विषय हटाउन क्षेत्रीय सरकारहरूले ध्यान दिनुपर्ने पाण्डेले बताए । 'सम्झौता कार्यान्वयनमा पनि जोड दिइएको छ,' उनले भने । चौथो सार्क आर्थिक सम्मेलन ढाकामा आयोजना गर्ने सहमति पनि भएको छ ।




**सार्क आर्थिक सम्मेलन सकियो** | कार्यक्रममा पूर्वअर्थमन्त्री रामशरण महत, पोषराज पाण्डे र विज्ञ रहेमान सोभान । तस्बिर : कान्तिपुर

> अर्थतन्त्रमा जलविद्युत्को हिस्सा ४५ प्रतिशत